विश्वब्यापी माहामारीको रुप धारण गरेको कोभिड १९ भाइरस संक्रमणको भय र निराकरणको प्रयासलाई कमलामाई नगरपालिकाले पनि शिघ्राति शिघ्र अवलम्बन गर्नु पर्‍यो । खासगरी मानसिक रुपमा तयार नभइसकिएको र नसोचिएको माहामारी विरुद्धमा तुरुन्त तयार हुन कमलामाई नगरपालिकालाई निश्चय पनि ठूलै योजना र आर्थिक ब्यवस्थापनको काम गर्नुपर्‍यो र परिरहेको छ । तर यस अनिश्चिततापुर्ण घडिमा हाम्रो प्रयासलाई सवै पक्षबाट नैतिक र आर्थिक सहयोग प्राप्त भइरहेको छ । नगरवासीहरुलाई सायद मानव सभ्यतामा कहिलै नभोगिएको घरभित्रै वन्दि भइरहनु पर्ने, विभिन्न भौतिक कठिनाईहरुको सामना गर्नुपर्ने तथा भय र अनिश्चिततामा समय गुजार्नुपर्ने जस्तो  असामान्य समस्याहरु भोग्नु पर्‍यो । यद्यपी यो समस्यालाई किञ्चित नमानी कमलामाई नगरपालिकाको प्रयासलाई सहज सहयोग गरिरहनु भएका तमाम नगरवासीहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु साथै यहाँहरुको धैर्य र संयमतामा मलाई गर्वानुभूत भएको छ ।

कोभिड १९ भाइरसको संक्रमण रोक्ने अभियानमा हामीले पनि विश्वब्यापी तरिका अर्थात लक डाउनको विधीलाई नै अवलम्बन गर्‍यौ । लक डाउन विधीले ब्यक्तिलाई आफ्नो घरभित्रै वस्नु पर्ने र उसको दैनिक आर्थिकोपार्जनको अवसर गुमेर उसको परिवारमा आउने समस्यालाई सम्बोधन गर्नुपर्ने अवस्था सवैभन्दा पहिले कमलामाई नगरपालिका अगाडि चुनौती बनेर आयो । यही चुनौतीलाई सामनागर्न कमलामाई नगरापालिकाले खास मापदण्ड बनाएर राहत प्याकेज वितरणको कार्यलाई अगाडी वढायो ।

कमलामाई नगरपालिकामा गिट्टी फुटाएर जिवन यापनगर्ने घरपरिवारहरुलाई लकडाउनको अवधीमा सवैभन्दा चाडै खाद्यान्न संकटको सामना गर्नु परेको यथार्थतालाई मध्य नजर गरेर नगरक्षेत्र भित्रका ६२ घरपरिवारहरुलाई खाद्यान्न राहत वितरण गरियो । उनीहरुलाई वितरण गरिएको राहत प्याकेजमा १५ देखि २० दिनसम्म पुग्ने सामान्य पकवानको लागि आवश्यक पुर्ण आइटमहरु ( मासु र अण्डा बाहेक ) थियो ।

गरिव गिट्टी फुटाएर आफ्नो जिविकोपार्जन चलाउँदै आएका घरपरिवारहरुलाई राहत वितरण कार्य सम्पन्न गरिसकेपछी कमलामाई नगरपालिकाले राहत ग्राह्य दोस्रो लेभलका नागरिकहरुलाई खाद्यान्न राहत वितरण गर्ने योजना तय गरेको थियो । त्यस्ता परिवारहरुको पहिचान गर्ने क्रममा कमलामाई नगरपालिकाले स्वास्थ विमाको प्रिमियम योगदान गरेको ३९४ घरपरिवारको सुचीलाई आधार मानेको थियो । यी प्रीमियम पाउने घरपरिवारहरु अति गरिव घरपरिवारहरु पहिचान भै स्वास्थ विमा गरिएको थियो र यही संख्यालाई दोश्रो लेभलको राहत ग्राह्य परिवारको रुपमा छनौट गरी खाद्यान्न राहत वितरण गरिएको थियो ।

स्वास्थ विमाको लागि कमलामाई नगरपालिले प्रिमियम योगदान गरेका घरपरिवारहरुलाई खाद्यान्न राहत उपलब्ध गराई सकेपछि तेश्रो तहका राहत ग्राह्य परिवारहरुको पहिचानको लागि वडाको सिफारिसलाई आधार मानिएको थियो । सिफारिस मापदण्डमा देहायका ४ वटा पक्षहरुलाई आधार मानिएको थियो ।

१. सामाजिक सुरक्षा भत्ता प्राप्त नगर्ने घरपरिवार

२. आफ्नै खेती वा खेती कमाई नभएका घरपरिवार

३. जागिर, पेन्सन नभएका घर परिवार

४.वैदेशिक रोजगारमा नभएका घरपरिवार

माथिका मापदण्डका आधारमा वडाबाट सिफारिस भएका करिव ११३३ राहत ग्राह्य घरपरिवारहरु मध्ये ३६२ घरपरिवारहरुलाई खाध्यान्न राहत प्याकेज र ७६१ घरपरिवारलाई नेपाल रेडक्रस सोसाइटी, सिन्धुली र प्लान नेपाल सिन्धुलीको संयूक्त सहयोगमा रु.२,७३०।- ( दुई हजार सातसय तीस मात्र ) नगद राहत उपलब्ध गराइएको थियो ।

**खाद्यान्न वितरण गरिएको विवरण**

| वडा नं | जम्मा राहत पाउने परवार संख्या | २ जना वा सो भन्दा कम परिवार | ३ जना वा सो भन्दा बढि परिवार | कैफियत |
|---|---|---|---|---|
| १ | ४९ | ८ | ४१ | |
| २ | ९७ | ९ | ८८ | |
| ३ | ४८ | १० | ३८ | |
| ४ | १५६ | ३४ | १२२ | |
| ५ | १३३ | १३ | १२० | रेडक्रस र प्लान |
| ६ | १७९ | ३१ | १४८ | |
| ७ | २१८ | ० | २१८ | रेडक्रस र प्लान |
| ८ | ६३ | ५ | ५८ | |
| ९ | ९२ | १६ | ७६ | |
| १० | ६९ | ६ | ६३ | |
| ११ | १०१ | ६ | ९५ | रेडक्रस र प्लान |
| १२ | ११० | १० | १०० | रेडक्रस र प्लान |
| १३ | ९८ | १३ | ८५ | रेडक्रस र प्लान |
| १४ | १०१ | १२ | ८९ | रेडक्रस र प्लान |
| | ६२ | | | गिट्टी कूट्ने |
| | १३ | २ | ११ | मजदुर र विद्यार्थी |
| **जम्मा** | **१५८९** | **१७५** | **१३५२** | |

**हाल सम्म प्रकोप व्यवस्थापन कोषमा प्रप्त रकम**

| सि.नं | सहयोग प्राप्त भएको निकायहरुको नाम | रकम |
|---|---|---|
| १. | गत आ.व ०७५/०७६ को कुल जम्मा | ३४,९४,५७१/- |
| २. | छैठौं नगर सभावाट विनियोजित रकम | १२,६१,१७९/- |
| ३ | कमलामाई नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको १ दिनको तलव | १,८६,६०८।०९ /– |
| ४ | प्रदेश सरकार | १२,००,०००/- |
| ५ | शिद्दवावा अंग्रेजी मा.वि | २७,१५० /– |
| ६ | श्री टीका बहादुर श्रेष्ठ | १,००,०००/- |
| ७ | सिन्धु वचत तथा ऋण सहकारी संस्था | १५,१५१ /- |
| ८ | बोधि श्रवण धर्म संघ | २,००,१२१/- |
| ९ | दक्षिणकाली सामुदायीक वन उपभाेक्ता समूह | २०,००० /- |
| १० | सरस्वती सामुदायिक वन उपभोक्ता समिती | २०,००० /- |
| ११ | कमलामाई सामुदायिक वन उपभोक्ता समिती | २०,००० /- |
| १२ | कमलाजी जन्मस्थान सामुदायिक वन उपभोक्ता समिती | १५,००० /- |
| १३ | ब्लु अल्पाईन क्लव सिन्धुली | ५१,००० /- |
| १४ | समय वचत तथा ऋण सहकारी संस्था | २०,५०० /- |
| १५ | नेपाल निवृत्त शिक्षक समाज सिन्धुली | ५,०००/- |
| १६ | भगवती अङ्ग्रेजी मा वि | ५५,५५५ /- |
| १७ | रिलिफ नेपाल, हुडेक सिन्धुली र टि डि एच जर्मनी | ५०,०००/- |
| १८ | सामूहिक सराेकार समाज (CSS) सिन्धुली | २०,०००/- |
| १९ | श्री सिन्धुली | २०,०००/- |
| २० | जनजाती समाज विकास कार्यक्रम | १५,००० /- |
| | कुल जम्मा | ६७,९६,८३५।०९ /- |